मिति २०८२/०५/३१ गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री असिम राई ज्यूको अध्यक्षतामा बसेको विशेष कार्यपालिका बैठकमा निम्न उपस्थितिबीच तपसिलका प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | असिम राई | अध्यक्ष | | ९८५१०३८२९१ |
| २ | सविता राई | उपाध्यक्ष | | ९८६३९१००३४ |
| ३ | घनराज सुनुवार | १ नं. वडा अध्यक्ष | | ९८५१०४७२४४ |
| ४ | युजन बस्नेत | २ नं. वडा अध्यक्ष | | ९८५२८३१८४८ |
| ५ | ईन्द्रमणि दाहाल | ३ नं. वडा अध्यक्ष | | ९८६९२२५०१४ |
| ६ | विकास भारती | ४ नं. का.वा.वडा अध्यक्ष | | ९८१७३६११७० |
| ७ | चन्द्र बहादुर राई | ५ नं. वडा अध्यक्ष | | ९८४४४९५२५५ |
| ८ | महेन्द्रदीप राई | ६ नं. वडा अध्यक्ष | | ९८५१०६४७५८ |
| ९ | भोजराज कार्की | ७ नं. वडा अध्यक्ष | | ९८५२८५१००७ |
| १० | राजेश राई | ८ नं. वडा अध्यक्ष | | ९८६१२१२०७८ |
| ११ | सन कुमार तामाङ | ९ नं. वडा अध्यक्ष | | ९८६९८०६५९५ |
| १२ | बुद्धिराज राई | कार्यपालिका सदस्य | | ९८६१०६५७५८ |
| १३ | डिल्ली वि.क. | कार्यपालिका सदस्य | | ९८६०६३४७७७ |
| १४ | सरिता राई | कार्यपालिका सदस्य | | ९८६२४२२३५० |
| १५ | तमुना राई | कार्यपालिका सदस्य | | ९८४१९४३८६२ |
| १६ | तारा देवी श्रेष्ठ | कार्यपालिका सदस्य | | ९८६२१२३५३१ |
| १७ | सर्मिला हिङमाङ | कार्यपालिका सदस्य | | ९७४५२७४३४० |
| १८ | प्रसन्नदीप राई | प्रमुख प्रशासकीय अधिकृत | | ९८४९१३९२२८ |

प्रस्ताव

१. अघिल्लो बैठक निर्णयहरूको समीक्षा सम्बन्धमा।
२. जिल्ला दररेट सम्बन्धी।
३. छात्रवृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी। (माझी समुदायका बालबालिका)
४. करारका कर्मचारी सम्बन्धी।
५. "घ" वर्ग ईजाजतपत्र सम्बन्धी (ज्वालामाई राईज कन्स्ट्रक्सन प्राईभेट लि.)।
६. योजना भ्यारिएसन सम्बन्धी।
७. बाढी पहिरो पिडित राहत सम्बन्धी।
८. अध्यक्ष रनिङ शिल्ड तथा गाउँपालिका महोत्सव सम्बन्धी।
९. आ.व. २०८१/०८२ को वार्षिक समिक्षा।
१०. विविध।

निर्णय

१. मिति २०८२/०४/१२ को कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धी समीक्षा गरियो। उक्त समीक्षामा अघिल्लो कार्यपालिकाको बैठकको निर्णय कार्यन्वयन भएको पाईयो।
२. आ.व. २०८२/०८३ को यस थुलुङ दुधकोशी गाउँपालिका भित्र संचालन हुन योजना तथा कार्यक्रमको लागि आवश्यक पर्ने विभिन्न कार्यहरूको दर रेटहरूको सन्दर्भमा जिल्ला भरि लागु हुने दररेटको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुद्वारा स्वीकृत आ.व. २०८२/०८३ जिल्ला दररेट स्वीकृत गर्ने निर्णय गरियो। साथै यस गाउँपालिकाको आ.व. २०८२/०८३ मा सञ्चालन हुने योजनाहरूको हक यस गाउँपालिकाको प्राविधिक शाखाबाट प्राप्त प्रतिवेदन सहित डिपार्टमेन्टल नर्म्स अनुसार item of work समेत स्वीकृत गर्ने निर्णय गरियो।
३. समावेशी नीति, लक्षित कार्यक्रम र सहभागिता मुलक निर्णय प्रक्रियालाई यथार्थमा अबलम्बन गर्ने यस गाउँपालिका भित्रका सबै वडामा बसोबास गर्ने सीमान्तकृत माझी समुदायका विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत २६ जना विद्यार्थी भाईबहिनीहरूको शैक्षिक उन्नयनको लागि प्रत्येकलाई रू. १०,०००।– (दश हजार मात्र) रकम र शैक्षिक सामाग्री सहितको छात्रवृत्ति वितरण गर्ने निर्णय पारित गरियो।
४. यस गाउँपालिकाको कार्यालय अन्तरगतका शाखा (रोजगार सेवा केन्द्रका रोजगार संयोजक-१, रोजगार सहायक-१), पञ्जिकरण शाखाका (MIS Operator- १, फिल्ड सहायक-२), वडा कार्यालयमा कार्यरत सहायक कम्प्युटर अपरेटर– ७ सहित, गाउँप्रहरीहरू, कृषि तथा पशु शाखा/कार्यालय, अस्पताल तथा स्वास्थ्य चौकीमा विभिन्न प्राविधिक पदका सेवा समुहमा करार अन्तरगत कार्यरत कर्मचारीहरू एवम्को आ.व. २०८१/०८२ को कार्यसम्पादन नतिजा सन्तोषजनक देखिएकोले आ.व. २०८२/०८३ को लागि समेत कार्यसम्पादन सन्तोषजनक देखिएका कर्मचारीहरूको करार पुस मसान्त सम्म नवीकरण गर्ने निर्णय गरियो।
५. यस थुलुङ दुधकोशी गाउँपालिको घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधी, २०७७ को अनुसूची १ बमोजिम प्रकाश राई (थुलुङ दुधकोशी गाउँपालिका, वडा नं. ४) प्रोपाईटर रहेको "ज्वालामाई राईज कन्स्ट्रक्सन प्राईभेट लि.)" ले घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रमाण पत्र उपलब्ध गराईदिन हुन भनी मिति २०८२/०५/२१ गते यस कार्यालयमा निवेदन दिनु भएको। कार्यविधीले व्यवस्था गरेको अन्यसहित अनुसुची ५ बमोजिम योग्यता परिक्षण गर्दा योग्य देखिएको ज्वालामाई राईज कन्स्ट्रक्सन प्राईभेट लि.लाई घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।
६. यस थुलुङ दुधकोशी गाउँपालिका भित्र सञ्चालित तपसिलका योजनाहरू निर्धारित समयसीमामा सम्पन्न गर्न आर्थिक दायित्व समायोजन गर्नु पर्ने अवस्था सिर्जना भएकोले प्राविधिक प्रतिवेदनको आधारमा आर्थिक तथा प्राविधिक भ्यारिएसन गर्ने स्वीकृत दिने निर्णय पारित गरियो।

प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

क. १० शैय्या प्राथमिक अस्पताल जुबु

ख. थुलुङ दुधकोशी खेलग्राम मुक्ली

७. मौसम परिवर्तनका कारण यस थुलुङ दुधकोशी गाउँपालिकामा मिति २०८२/०३/२४ गते दखि विभिन्न मितिमा भिषण वर्षा भई स्थानीय सडकहरू तथा विभिन्न वडामा जनधनको क्षति भएको। मिति २०८२/०३/२४ वडा नं. १ नेलेस्थित सिखुखोलामा आएको बाढीको कारण गाउँपालिकाको वडा नं. ८ देउसास्थित अम्रासका ३८ बर्षीय मिङ्मार तामाङको घटनास्थलमा मृत्यु भएको। निज मृतकको परिवारलाई आर्थिक सहयोग स्वरूप रू. ५०,०००।– (पचास हजार मात्र) प्रदान गर्ने निर्णय गरियो। त्यसै गरी २०८२/०४/२७ र २०८२/०४/२८ गते परेको अविरल वर्षाको कारण वडा नं. ६ मुक्ली खेलमैदान निवासी रामबहादुर कार्कीको घरवारी जमिन भासिई घरमा बस्न जोखिम युक्त भएकोले अस्थाई बसोबास व्यवस्थापनका लागि गाउँपालिका अध्यक्षज्यूबाट वितरण गरिएको ७ फुट ५ बण्डल जस्ताको खर्च स्वीकृत गरि सिर्जना भएको भुक्तानी दायित्व भुक्तानी गर्ने निर्णय गरियो। साथै मौसम परिवर्तनका कारण बाढी पहिरोबाट ग्रसित यस गाउँपालिकाका नागरिकहरूलाई उचित राहत वितरणका लागि बाढी पहिरो बाट अति प्रभावितलाई रू. १५,०००।००, मध्यमलाई रू. १०,०००।०० र न्युन प्रभावितलाई रू. ५,०००।०० राहत रकम वितरण गर्ने निर्णय गरियो। यसको लागि आवश्यक मापदण्ड र प्रभावित नागरिकको वर्गीकरणको लागि गाउँपालिका उपाध्यक्ष श्री सविता राईज्यूको अध्यक्षतामा ६ नं. वडा अध्यक्ष श्री महेन्द्रदीप राई, ७ नं. वडा अध्यक्ष श्री भोजराज कार्की, गाउँपालिका ईन्जिनियर नागेन्द्र बस्नेत, कार्यपालिका सदस्य बुद्धीराज राई सदस्य रहने गरि बाढी पहिरो राहत वितरण निर्क्योल समिति गठन गर्ने निर्णय गरियो।

८. हरेक आर्थिक वर्षमा सञ्चालन गरिने राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष रनिङ शिल्ड र गाउँपालिका महोत्सव अन्तर्गत यस आ.व. २०८२/०८३ को अध्यक्ष रनिङ शिल्ड तथा गाउँपालिका महोत्सव आगामी मंसिर महिनाको ५, ६ र ७ गते सञ्चालन गर्ने निर्णय गरियो। उक्त रनिङ शिल्ड तथा गाउँपालिका महोत्सव सञ्चालन तथा व्यवस्थापनको लागि साविककै गाउँपालिका उपाध्यक्षज्यू श्री सविता राईज्यूको संयोजकत्वमा सम्पुर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्य एवम् कर्मचारीहरू सदस्य रहने मूल आयोजक समितिलाई नै जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो। गाउँपालिका महोत्सव अन्तर्गत साँस्कृतिक/मनोरञ्जन कार्यक्रमलाई वृहत बनाउन आवश्यक पर्ने राष्ट्रिय कलाकारहरू क्रमशः ईन्द्रेणी र प्रमोद खरेल एण्ड ब्याण्डको समय उपलब्धता र महोत्सवसँग तादात्यमता मिलाउन सम्झौता गर्ने/व्यवस्थापन गर्ने सम्पुर्ण जिम्मेवारी मुल आयोजक समिति अन्तर्गतको साँस्कृतिक तथा मनोरञ्जन व्यवस्थापन समितिका संयोजक श्री महेन्द्रदीप राईलाई जिम्मेवारी प्रदान गर्ने समेत निर्णय गरियो।

९. आ.व. २०८१/०८२ को यस थुलुङ दुधकोशी गाउँपालिकाबाट विनियोजित बजेट, योजना तथा कार्यक्रमहरूको सन्दर्भमा गाउँपालिकाको कार्यालयको प्रत्येक शाखाबाट प्रास प्रगति विवरण र प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रस्तुत गरिएको उक्त प्रगति विवरणमा रहेका योजना, कार्यक्रम तथा बजेटको शाखागत रूपमा वार्षिक समिक्षा गरियो। साथै यस यस गाउँपालिकाको आ.व. २०८१/०८२ को वित्तीय प्रतिवेदन, क्षेत्र/उपक्षेत्र अन्तर्गतका विनियोजन तथा खर्चसमेतको समिक्षा गरियो। उक्त आर्थिक वर्षमा भएको चालु तथा पूँजीगत खर्चको औसत ९३.८% खर्चलाई सफल अभ्यासको रुपमा स्वीकार गर्दै आगामी दिनमा सुधार गर्न सकिने विषयहरूमा सुधार गर्दै सम्पुर्ण पक्ष जिम्मेवार हुने निर्णय समेत पारित गरियो।

१०. विविध

- गाउँपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी, भाषा शिक्षक, कार्यलय सहयोगी तथा सहायक कम्प्युटर अपरेटरको मासिक पारिश्रमिक निर्धारणको लागि तपसिल बमोजिमको उपसमिति गठन गर्ने निर्णय गरियो।

  अध्यक्ष -गाउँपालिका उपाध्यक्ष सविता राई

प्रसन्नदीप राई
प्रशासकीय अधिकृत

सदस्य - महेन्द्रदीप राई
सदस्य - भोजराज कार्की
सदस्य - चन्द्र बहादुर राई
सदस्य सचिव- नविन्द्र राई

- आउँदो चाड दशै तिहारको अवसरमा गाउँपालिकामा देशका अन्य भागबाट नागरिकहरूको आवगमन बढ्ने तथा वर्षातको कारण विभिन्न वडाका सवारी साधन चल्ने स्थानीय सडकहरू निरन्तर मर्मत भईरहेको। वडा नं. ४, ५, ६ र ९ मा रहेको गाउँपालिकाको हेभी मेशिन पुरानो अवस्थामा भएको/ मर्मत गर्न असम्भव भएको हुँदा नीजि व्यवसायीको हेभी मेशिन प्रयोग गर्नु पर्ने भएको हुँदा गाउँपालिकाको प्राविधिक शाखालाई वैज्ञानिक ढंगबाट न्युनतम खर्चमा सडक सरसफाई गर्न सकिने प्रकृति प्राविधिक मुल्यांकन गर्न पठाउने निर्णय गरियो।
- यस गाउँपालिकाको वडा नं. ६ देखि वडा नं. ४ दुधकोशी नदी पार गरी जान वडा नं. ४ स्थित दुधकोशी वगरमा मानवीय तथा दुईपाङ्ग्रे सवारी साधन आवतजावत गर्न बगर् स्थित बाटो निर्माणका लागि रु. १,५०,०००।०० (एक लाख पचास हजार) रकम खर्च गर्न स्वीकृति दिने निर्णय गरियो।
- मिति २०८२/०५/१७ गतेको ५ नं. वडा कार्यालयको प्रमाणिकरण तथा गाउँपालिकाको अध्यक्षज्यूको आदेशानुसार वडा नं. ५, निवासी सुनिल राईको आर्थिक अवस्था कमजोर भई स्वास्थ्य उपचारमा समस्या सिर्जना भएकोले निजलाई रु. १५,०००।०० (पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।
- मिति २०८२/०५/३१ गतेको ५ नं. वडा कार्यालयको प्रमाणिकरणको आधारमा यस बैठकमा व्यापक छलफल गर्दा वडा नं. ५, निवासी वेदी माया दमाईको आर्थिक अवस्था कमजोर भई स्वास्थ्य उपचारमा समस्या सिर्जना भएकोले निजलाई रु. २०,०००।०० (बीस हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।
- यसै गाउँपालिकाको वडा नं. ७ देउसा स्थित सृजनशील टोल विकास संस्थाद्वारा आउँदो तिहार लक्षित वृहत खेलकुद कार्यक्रम सञ्चालन गर्ने भनी वडाको सिफारिस सहित निवेदन पेश गरेकोमा उक्त संस्थालई रू. २,५०,०००।०० बजेटको सिमामा रहि खेलकुद कार्यक्रम संचालन गर्न दिने निर्णय गरियो। साथै सो खेलकुद कार्यक्रम बापत सिर्जना भएको आर्थिक दायित्व खेलकुद कार्यक्रम सम्पन्न भई आवश्यक कागजात प्राप्त भएपश्चात् भुक्तानी गर्ने गरि खर्च स्वीकृति दिने निर्णय बहुमतले पारित गरियो।
- यसै थुलुङ दुधकोशी गाउँपालिकाका स्थानीय युवाहरूद्वारा प्रथम यलम्बर गस्ति फुटवल प्रतियोगितामा यस थुलुङ दुधकोशी गाउँपालिकाको प्रतिनिधित्व गरि फुटबल खेलमा सहभागिता भए वापत सिर्जना भएको रू. ३५,०००।०० खर्च सहयोग गरिदिन हुन भनी निवेदन पेश भएकोमा गाउँपालिकाको प्रतिनिधित्व गरेकोले उक्त कार्यक्रम वापतको खर्च स्वीकृति गरि भुक्तानी दिन निर्णय गरियो।

प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत